☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
## गण्डकी प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं.

**सुनौला हजार दिनका आमाहरुलाई लक्षित गरी सुधारिएको खोर (कुखुरा/बाख्रा) निर्माणमा अनुदान कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना।**

**(प्रथम पटक सूचना प्रकाशन मितिः २०८०।१२।१४ ने.सं. ११४४ चिल्लागाः २, बुधबार)**

कावासोती नगरपालिकाको आ.व. २०८०/०८१ को बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत स्विकृत सुनौला हजार दिनका आमाहरुलाई लक्षित गरी सुधारिएको खोर (कुखुरा/बाख्रा) निर्माणका लागि अनुदान कार्यक्रम रहेकाले ईच्छुक वडा नं. १,७,१३,१४,१५ र १७ का सुनौला हजार दिनका आमाहरुले सहकार्यमा खोर (कुखुरा/बाख्रा) निर्माण अनुदानका लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजातसहितको प्रस्ताव कावासोती नगरपालिका, बहुक्षेत्रिय पोषण इकाईमा पेश गर्नुहुन अनुरोध छ। म्याद सकिएपछि प्राप्त प्रस्ताव उपर कुनै कारबाही नहुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

| क्र.स. | कार्यक्रम | जना | कुल बजेट | आवश्यक कागजातहरु र न्यूनतम मापदण्ड |
|---|---|---|---|---|
| १ | सुनौला हजार दिनका आमाहरुलाई लक्षित गरी सुधारिएको खोर ( कुखुरा/ बाख्रा) निर्माणका लागि अनुदान कार्यक्रम | ६० | ९,००,०००।- | • तोकिएको ढाँचामा निवेदन । <br>• आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि। <br>• सम्बन्धित वडा कार्यालयबाट लाभग्राही उपयुक्त भएको व्यहोराको सिफारिस पत्र । <br>• आर्थिक विपन्न समूदाय, जनजाति सुनौला हजार दिनका बाख्रापालन वा कुखुरापालन गरेका आमाहरुलाई प्राथमिकता दिईनेछ। <br>• बाख्रापालन वा कुखुरापालनका लागि नयाँ खोर निर्माण गर्दा माउ बाख्रा कम्तिमा ५ वा माउ कुखुरा कम्तिमा २० वटा अट्ने हुनुपर्नेछ। <br>• बाख्रापालन वा कुखुरापालनका लागि नयाँ खोर निर्माण कार्य सम्पन्न भएपश्चात एकमुष्ठ प्रतिजना रु. १५०००/- मात्र करकट्टि गरि भुक्तानी गरिनेछ। |

थप जानकारीका लागिः बहुक्षेत्रिय पोषण इकाई, कावासोती नगरपालिका वा ९८४५७३७८१६ मा सम्पर्क गर्न सकिनेछ।

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थः**

श्री नगर प्रमुखज्यू/ नगर उपप्रमुखज्यूको सचिवालय, कावासोती नगरपालिका।
श्री सूचना प्रविधि शाखाः सूचना वेवसाईटमा राख्ने र सबै वडा कार्यालयहरुलाई ईमेल गर्ने।

# निवेदनको ढाँचा

कावासोती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**कावासोती नगरपालिका।**

**मितिः**

**विषयः प्रस्ताव पेश गरिएको बारे।**

**महोदय,**

उपरोक्त विषयमा ताँहा कार्यालयको मिति ………………… गते प्रकाशित प्रस्ताव आव्हान सम्बन्धी सूचना अनुसार म/हामी निवेदकले **सुनौला हजार दिनका आमाहरुलाई लक्षित गरी सुधारिएको कुखुरा र बाख्राको खोर निर्माणमा अनुदान कार्यक्रम** सहकार्यमा सञ्चालन गर्न ईच्छुक भएकाले आवश्यक कागजातहरु संलग्न राखि यो निवेदन पेश गरेको छु/ छौ।

निवेदकको

आवेदकको दस्तखतः

आवेदकको नाम र थर :

स्थायी ठेगाना :

सम्पर्क नं.:

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगाना :

मौजुदा कुखुरा/बाख्राको संख्याः

खोर भए/नभएकोः भए कस्तोः कच्ची/ अर्धपक्की / पक्की

संलग्न कागजातहरुको सूची

| क्र. स. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |